# स्थानीय राजपत्र

यशोधरा गाउँपालिका द्वारा प्रकाशित

खण्डः ९)          संख्याः ३    मिति : जेष्ठ २६ गते २०८३

भाग : १

गाउँसभा बाट स्वीकृत मिति २०८३/०२/१३

**यशोधरा गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन), २०८३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रस्तावनाः गाउँ शिक्षा ऐन, २०७५ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी गाउँ शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१) संक्षिप्त नामर प्रारम्भः- (क) यस ऐनको नाम "यशोधरा गाउंपालिका, शिक्षा ऐन( दोस्रो संशोधन )-२०८३ रहेको छ।

(ख) यो ऐन यशोधरा गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरून्त प्रारम्भ हुनेछ ।

२) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५, को दफा (२) को उपदफा ( ञ ) मा रहेको " शुद्धोधन " भन्ने शब्दको सट्टा " यशोधरा" भन्ने शब्द राखिएको छ ।

३) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१) को (ङ) मा विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी गाउँशिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य भन्ने सट्टामा गाउँपालिकाको क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको एकजना सदस्य भन्ने व्यवस्था राखिएको छ ।

४) यशोधरा गाउँपालिका शिक्षा ऐन (प्रथम संशोधन) २०७९ को दफा २ मा गाउँ शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१) (च) संशोधनमा समाजसेवी वा शिक्षा प्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एक जना दलित सहित ३ जना सदस्य भन्ने सट्टामा समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीनजना सदस्य भन्ने व्यवस्था राखिएको छ ।

५) यशोधरा गाउँपालिका शिक्षा ऐन (प्रथम संशोधन) २०७९ को दफा ३ मा गाउँ शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१) (छ) संशोधनमा शिक्षण पेशामा उच्च योगदान पुर्याएका सामुदायिक तथा संस्थागत विद्यालयको तर्फबाट गाउँ शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयबाट एक जना पर्ने गरी दुइ जना सदस्य भन्ने सट्टामा गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना सदस्य भन्ने व्यवस्था राखिएको छ ।

६) यशोधरा गाउँपालिका शिक्षा ऐन (प्रथम संशोधन) २०७९ को दफा ४ मा गाउँ शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१) (ख) संशोधनमा गाउँपालिका अध्यक्षले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक वा गाउँ कार्यपालिकाको सदस्य भन्ने सट्टामा गाउँपालिकाले तोकेको गाउँपालिकाको सदस्यहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना सदस्य भन्ने व्यवस्था राखिएको छ ।

७) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१ ) को (ज) गाउँस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधी एक जना सदस्य भन्ने व्यवस्था झिकिएको छ ।

८) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१ ) को (झ) स्रोत व्यक्ति सदस्य भन्ने व्यवस्था झिकिएको छ ।

९) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ९ को उपदफा (१ ) को (ञ) शिक्षा अधिकृत सदस्य सचिव भन्ने सट्टामा शिक्षा अधिकृत वा शिक्षा शाखामा कार्यरत कर्मचारी सदस्य सचिव भन्ने व्यवस्था राखिएको छ ।

१०) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा २१ को उपदफा (१ ) को (ख) विद्यालयको सम्बन्धित वडा समिति बाट सिफारिस गरेको एक जना सदस्य भन्ने सट्टामा विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समिति सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एक जना सदस्य भन्ने व्यवस्था राखिएको छ।

११) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा २१ को उपदफा (१ ) को (ग) मा उपदफा १ को खण्ड क र ख बाट विद्यालयका संस्थापक,स्थानीय

बुद्धिजिवि ,शिक्षा प्रेमि ,विद्यालयलाई निरन्तर उल्लेखनीय सहयोग गरेका व्यक्तिहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना सदस्य भन्ने झिकिएको छ।

१२) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा २१ को उपदफा (१ ) को (घ) मा उपदफा १ को खण्ड क ,ख र ग बाट छनोट भएका सात जना पदाधिकारीहरुले आफुहरु मध्येबाट छनोट गरेको एक जना पदाधिकारी अध्यक्ष भन्ने सट्टामा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले क र ख बाट छनोट भएका पदाधिकारीहरु मध्येबाट छनोट गरेको एक जना पदाधिकारी अध्यक्ष भन्ने व्यवस्था राखिएको छ ।

१३) यशोधरा गाउँपालिका शिक्षा ऐन २०७५ को दफा २१ को उपदफा (७ ) यस ऐनमा व्यवस्था भएको वि.व्य.स. गठन गर्नका लागि विद्यालयले २ पटक सम्म अभिभावक भेला बोलाइ प्रकृया अगाडि बढाउदा पनि समिति गठन कार्य हुन नसकेमा सम्बन्धित वडाको वडा अध्यक्षलाई बढीमा १ वर्षका लागि वि.व्य.स. अध्यक्षमा कामकाज गर्नका लागि गाउँपालिकाबाट विद्यालयलाई जानकारी पत्रसहित खटाउने र बाकी सदस्यहरु वडा समितिको र विद्यालय प्र.अ. शिक्षक प्रतिनिधि सहित वाकी सदस्य छनौट गर्ने व्यवस्था रहेकोमा १ बर्षको सट्टा ६ महिनाको लागि भन्ने व्यवस्था राखिएको छ। उक्त विद्यालय व्यवस्थापन समितिको तोकिएको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै विद्यालयले २ पटक सम्म अभिभावक भेला बोलाई नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ। दुई पटकसम्म अभिभावक भेलाबाट समेत विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा, गाउँपालिकाले सम्बन्धित वडाको वडा अध्यक्षलाई ६ महिनाका लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी तोक्न सक्नेछ साथै उक्त विद्यालय व्यवस्थापन समितिको म्याद ६ महिनाको लागि तोकिएको म्याद सकिनु १ महिना अगावै विद्यालयले विद्यालय व्यवस्थापन समिति गठन गर्न २ पटक अभिभावक भेला बोलाउनुपर्नेछ र २ पटकमा गणपुरक संख्या नपुगि व्यवस्थापन समिति गठन हुन नसकेको अवस्थामा तेस्रो पटक अभिभावक भेला बोलाउनुपर्नेछ उक्त बैठकमा उपस्थित अभिभावकहरु मध्येको गणपुरक संख्या पुगेमा उपस्थिति भएका अभिभावक मध्येबाट विद्यालय व्यवस्थापन समिति गठन गर्न सकिनेछ ।

१४) यशोधरा गाउँपालिका शिक्षा ऐन (संशोधन) २०७५ को दफा ६० मा यस ऐन बमोजिम भए गरेका कामहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ भन्ने (च) बुदाँ थप गरिएको छ ।

आज्ञाले,

नामः बलिराम यादव

प्रमुख प्रशासकीय अधिकृत